आज मिति २०७४ आषाढ ७ गते बुधवारका दिन व्यास नगर कार्यपालिकाका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको कार्यकारिणी समितिको बैठकमा निम्न बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री तमबहादुर दरै | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री कल्पना पोखेल | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री नरीमाया थापा | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| - बरिष्ठ आलेप अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| - लेखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | ,, |
| - इन्जिनियर | श्री रविन्द्रलाल मुल | ,, |
| - कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | ,, |
| - शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | अनुपस्थिति |
| - वित्त/कार्यालय सहायक | श्री हेमन्त गुरुङ | उपस्थिति |
| - ना.सु. | श्री भाग्यशाली ढुंगाना | ,, |

निर्णय नं.१: राज्य पूर्नसंरचना भएपश्चात् सम्पन्न भएको स्थानीय तहको निर्वाचन २०७४ बाट निर्वाचित जनप्रतिनिधिहरुको पहिलो नगर सभा यही २०७४ असार २५ गते आइतवार गर्ने निर्णय गरियो ।

निर्णय नं.२: चालु आ.व. र आगामी आ.व. को लागि यस अघिको नगरपरिषद्बाट पारित बजेट, नीति तथा कार्यक्रमहरु उपर बृहद् रुपमा समीक्षा गर्दै परिवर्तित समय अनुसार स्थानीय तहको आवश्यकता र औचित्यता हेरी संशोधन एवं नयां योजना समावेश समेत गर्ने गरी सहभागितात्मक योजना तर्जुमा प्रकियाद्वारा टोलस्तरबाट नै योजना छनौट गरी वडा समितिबाट प्राथमिकता निर्धारण गरी २०७३ असार १५ गते सम्म नगर कार्यपालिकामा पेश गर्न जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.३: व्यास नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४ स्वीकृत गर्ने निर्णय गरियो । साथै जनप्रतिनिधिहरुको आचार संहिताको मस्यौदा अध्ययन गरी आवश्यकता अनुसार संशोधन सहित पारित गर्ने कार्यका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.४: आ.व.०७४।७५ का लागि मालपोत कार्यालय तनहुँबाट रजिष्ट्रेशन शुल्क असुली प्रक्रियाको लागि जग्गाको न्युनतम मूल्यांकन गर्ने सम्बन्धमा प्राप्त पत्र उपर बृहद रुपमा छलफल भयो । सो सम्बन्धमा वैज्ञानिक रुपमा जग्गाको न्युनतम मूल्यांकन गर्न सकिने गरी प्रतिवेदन पेश गर्न सम्पूर्ण वडाहरुमा पत्राचार गर्ने र वडाबाट आएको राय सुझावका आधारमा राजश्व परामर्श समितिमा छलफल गरी मालपोत कार्यालय तनहुँलाई लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं.५: नगरपालिकाद्वारा विगतदेखि नै लगाउँदै आएको प्राकृतिक स्रोत उपयोग कर तथा पटके करहरुको ठेक्का नगरपालिकाद्वारा गठित समितिले पेश गरेको प्रतिवेदन उपर बृहद रुपमा छलफल भयो । सो सम्बन्धमा समितिबाट पेश हुन आएको राय सुझाव अनुसार नै आगामी आ.व.०७४।०७५ का लागि प्राकृतिक स्रोत साधन उपयोग कर तथा पटके कर ठेक्कामा लगाउनका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं.६: व्यास नगरपालिका नगर कार्यपालिकाको संयोजनमा विभिन्न सरोकारवालाहरु समेतको टोली सहित मिति २०७४ जेष्ठ ३० गते गरिएको दमौली बजारस्थित मासु बजारहरुको अनुगमन बमोजिम जेष्ठ ३१ गते पेश हुन आएको प्रतिवेदन उपर व्यापक छलफल गरियो । सो अनुगमन प्रतिवेदनमा औंल्याइएको विषयहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.७: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको पूर्वाधार विकास कार्यक्रमबाट संचालित जनसहभागितामा आधारित पक्की नाला निर्माण कार्य अन्तर्गतको ५० लाखको प्याकेज व्यास न.पा. वडा नं.१० (साविक व्यास ५) को लागि स्वीकृत भई आएकोमा उक्त वडामा जनसहभागिता वापत उठाउनु पर्ने रकम उठ्न नसकेको हुंदा सो कार्यक्रमलाई व्यास न.पा. वडा नं.१ मा स्थानान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं.८: राज्यको पूर्नसंरचना संगै एकातर्फ यस नगरपालिकाको क्षेत्र विस्तार हुनुका साथै दैनिक कार्य सम्पादनको चाप समेत बृद्धि भएको सन्दर्भमा प्राविधिक शाखाको मौजुदा जनशक्ति व्यवस्थापनमा संख्यात्मक, गुणात्मक र र तहगत सबै दृष्टिले पुनरावलोकनको अवस्थामा रहेको छ भने अर्कोतर्फ मौजुदा दरबन्दी अन्तर्गत नै रहेको २ इन्जिनियरको दरबन्दी मध्ये १ जना इन्जिनियरलाई कार्यालयले असाधारण विदा दिई अध्ययनको लागि पठाएको परिप्रेक्ष्यमा १ जना इन्जिनियरद्वारा मात्र कार्यालयको प्राविधिक शाखाको दैनिक कार्य सम्पादन गर्न कठिनाई भइरहेको हुनाले निजको सट्टामा विशेष पद सृजना गरी १ एक वर्षका लागि १ जना इन्जिनियर नियुक्त गर्नु पर्ने टड्कारो रुपमा आवश्यकता खड्की रहेको तर तत्काल नयां कर्मचारी नियुक्ति गर्न समयाभाव एवं अन्य विविध प्रशासनिक समस्याहरु रहेको हुनाले हाल यस कार्यालयको जु.ई. पदमा कार्यरत निर्मल वाग्लेलाई इन्जिनियर पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.९: स्थानीय स्तरको आवश्यकता, आयोजनाको प्रकृति र त्यसको गाम्भिर्यतालाई मध्यनगर गर्दै सम्बन्धित वडाका जनप्रतिनिधिहरु एवं सम्बन्धित शाखाको परामर्शमा बढीमा रु.१ लाख सम्मको योजना नगरप्रमुखबाट निर्णय गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मतीबाट निर्णय गरियो ।

निर्णय नं.१०: पवित्र धार्मिक स्थलका रुपमा परिचित यस नगरपालिका, महर्षि व्यास ऋषिको जन्मभूमि एवं पराशर ऋषिको तपोभूमिका रुपमा विश्व प्रसिद्ध छ । यसै सन्दर्भमा, २०७४ असार २५ गते पर्न गएको व्यास अवतरण दिवस (गुरु पूर्णीमा) दिन एक भव्य समारोहको आयोजना गरी बिहान ७.०० बजे प्रभातफेरी सहित व्यास अवतरण दिवस भव्य रुपमा मनाउने र यसलाई हरेक वर्ष नगरपालिका कै आयोजनामा निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.११: साविक व्यास ज्ञ्ज्ञ को हाल ४ नं. वडा स्थित कालिका जंगल पार्क भित्र विगत वर्षदेखि नै गुरुङ समुदायको चिहान गाड्ने स्थलका रुपमा केही भाग उपयोग हुँदै आएकोमा सो स्थानमा चिहान राख्न प्रतिवन्ध लगाई पाउं भनी प्रेमबहादुर गुरुङले व्यास नगरपालिका समेत विरुद्ध तत्कालिन पुनरावेदन अदालत पोखरामा रिट निवेदन दायर गर्नु भएकोमा सो रिट खारेज भै उक्त फैसला उपर श्री सर्वोच्च अदालत काठमाण्डौमा पुनरावदन गर्नु भै सम्मानित सर्वोच्च अदालतबाट हाजिर हुन आउनु भनी व्यास नगरपालिकाका नाउंमा १५ दिने म्याद मिति २०७४।२।२८ मा तामेल भै आएकाले उक्त म्याद भित्रै यस कार्यालयको तर्फबाट सो मुद्दामा तारेखमा बसी मुद्दाको पुर्पक्ष गर्दा सम्म गर्नुपर्ने सम्पूर्ण काम गर्नका लागि व्यास नगरपालिका कार्यालयमा कार्यरत प्रशासकीय अधिकृत श्री रामचन्द्र हड्खलेलाई व्यास नगरपालिकाको प्रतिनिधि तोक्ने निर्णय गरियो ।

निर्णय नं.१२: वातावरणमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत विभिन्न योजनाहरु कार्यान्वयन तथा सम्पन्न भई केही रकम बांकी हुने देखिएकोले बांकी रकमबाट निम्न लिखित वातावरण संरक्षण सम्बन्धी योजनाहरु सम्पन्न गरी आयोजना लगानी विवरण संशोधन गर्ने निर्णय गरियो ।

क) व्यास २ न्युरोड टोलमा बृक्षारोपण रु.४०,०००।
ख) व्यास १ मा चौतारा निर्माण रु.५०,०००।
ग) व्यास २ र १० मा सोलार बत्ती जडान रु.१०,३४,०४०।
घ) आदिकवि भानुभक्त क्याम्पसमा पार्क स्तरोन्नति तथा वृक्षारोपण रु.१,५०,०००।
ङ) व्यास १२ मा सार्वजनिक जग्गा संरक्षण रु.१,००,०००।